# अजिरकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### भच्चेक, गोरखा
### गण्डकी प्रदेश, नेपाल

## नदिजन्य पदार्थ उत्खनन् गरी विक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०७/१४**

स्थाानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ) १ (घ) २ र दफा (घ) ६ समेतमा भएको व्यवस्था, स्वीकृत दरौंदी नदी र चेपे नदीको संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन, गण्डकी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०८०, यस गाउँपालिकाको राजश्व परामर्श समितिको सिफारिस अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ तथा अजिरकोट गाउपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम नदीजन्य पदार्थ उत्खलन गरी विक्री गर्न देहायका शिर्षकहरुमा राजस्व अशुली सम्बन्धी काम आ.व. २०८०/०८१ मा ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्म, व्यक्ति वा कम्पनीहरुले बोलपत्र खरिद गरि तोकिएको मिति र समयभित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीको लागि अजिरकोट गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का सम्बन्धी विस्तृत विवरणः**

| ठेक्का नं. | ठेक्काको नाम | आ.व. ०८०/०८१ को लागि निर्धारित संकलन तथा विक्री परिणाम (घनफिटमा) | वालुवा, गिट्टी आदि विक्री शुल्क वापत हुने कुल न्यूनतम अंक (कर र भ्याट बाहेक ) | बोलपत्र फाराम दस्तुर | धरौटी/ जमानत रकम |
|---|---|---|---|---|---|
| राजस्व ०१/ ०८०/०८१ | खण्ड कः<br>अजिरकोट गाउँपालिका वडा नं. २ अन्तर्गत पर्ने चेपे खोला क्षेत्रको सिस्नेरीघाट, ताल बगर र घटेखोला बगर क्षेत्र | ७२४५६ (वहत्तर हजार चार सय छपन्न घनफिट मात्र) | ६,५२,१०५/- (छ लाख वाउन्न हजार एक सय पाँच रुपैयाँ मात्र) | ३०००।- (तीन हजार रुपैया ) | कबोल अंकको ५ (पाँच) प्रतिशत |
| राजस्व ०२/ ०८०/०८१ | खण्ड कः<br>अजिरकोट गाउँपालिका वडा नं. ३ अन्तर्गत पर्ने चेपे खोला क्षेत्रको चेपेचौर बगर क्षेत्र | ७१६६२ (एकहत्तर हजार छ सय बैसठ्ठी घनफिट मात्र) | ६,४४,९५५/- (छ लाख चौवालिस हजार नौ सय पचपन्न रुपैयाँ मात्र) | ३०००।- (तीन हजार रुपैया ) | कबोल अंकको ५ (पाँच) प्रतिशत |
| राजस्व ०३/ ०८०/०८१ | खण्ड ख :<br>अजिरकोट गाउँपालिका वडा नं. १ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको खलाङकुना बगर क्षेत्र | १,२३,५५७ (एक लाख तेईस हजार पाँच सय सन्ताउन्न घनफिट मात्र) | ११,१२,०११/- (एघार लाख वाह्र हजार एघार रुपैयाँ मात्र) | ३०००।- (तीन हजार रुपैया ) | कबोल अंकको ५ (पाँच) प्रतिशत |
| राजस्व ०४/ ०८०/०८१ | खण्ड ख :<br>अजिरकोट गाउँपालिका वडा नं. १ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको ढड्डेबगर क्षेत्र | १,९५,९७१ (एक लाख पन्चानब्बे हजार नौ सय एकहत्तर घनफिट मात्र) | १७,६३,७३५/- (सत्र लाख त्रिसठ्ठी हजार सात सय पैतिस रुपैयाँ मात्र) | ३०००।- (तीन हजार रुपैया ) | कबोल अंकको ५(पाँच) प्रतिशत |
| राजस्व ०५/ ०८०/०८१ | खण्ड ख :<br>अजिरकोट गाउँपालिका वडा नं. ५ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको हाइड्रोपावर नजिक क्षेत्र | ३८१३५ (अठ्तिस हजार एक सय पैतिस घनफिट मात्र) | ३,४३,२१३/- (तिन लाख त्रिचालिस हजार दुई सय तेह्र रुपैयाँ मात्र) | ३०००।- (तीन हजार रुपैया ) | कबोल अंकको ५ (पाँच) प्रतिशत |

**ठेक्का सम्वन्धि शर्तहरुः-**

१. माथि उल्लेखित ठेक्काको लागि बोलपत्र फारम गाँउकार्यपालिका को कार्यलय वाट खरिद गरी फारममा उल्लेख गरीएको सम्पुर्ण विवरण भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी खामबंन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्काको विवरण, प्रोपराईटरको नाम, ठेगाना, मोवाइल नं. स्पष्ट रुपमा भरी फर्मको छाप लगाई तोकिएको समयावधी भित्र पेश गर्नुपर्नेछ ।

२. ठेक्का अवधि २०८१ जेठ मसान्तसम्म रहनेछ । बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईनेछैन । प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाईनेछैन ।

३. माथि उल्लेखित ठेक्का कबोल अंकको थप मूल्य अभिबृद्धि कर १३ प्रतिशत राजश्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. बोलपत्र फारम भरी पेश गर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको रा.बा. बैंक भच्चेक शाखामा रहेको धरौटी खाता नं. ३२४०१००३०३०१०००२ मा बोलपत्रदाताको नामबाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० (एक सय बीस) दिन म्याद भएको जमानी पत्र (बीड वण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ । कवोल गरेको रकम अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

५. बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुनेछैन, साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारबाहि हुनेछैन ।

६. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र रितपुर्वक यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनुपर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे अजिरकोट गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ । उत्त दिन सार्वजनिक विदाको दिन परेमा सो को भोली पल्टसम्म म्याद रहनेछ ।

७. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्याङ्कनमा समावेश गरिनेछैन ।

८. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृत पश्चात् गरिने सम्झौता अनुसार हुनेछ ।

९. जानकारीको लागि यस कार्यालयको वेवसाइट www.ajirkotmun.gov.np मा समेत हेर्न सकिने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**